# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २० जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी यस महिनाको 23 देखि 26 तारीख सम्म ब्रिटेन अनि मालदीवको यात्रामा जानुहुनेछ।
- संसदको मनसून सत्र भोलि देखि शुरु हुन गइरहेको छ।
- तृणमूल कंग्रेसले भोलि राज्यमा शहिद दिवस पालन गर्नेछ।
- जोरबंगलो–सुकेपोखरी खण्ड स्वास्थ्य केन्द्रको निरीक्षणका लागि दार्जीलिङका जिलापाल डा. प्रीति गोयलको नेतृत्वमा आज एक उच्चस्तरीय टोलीले स्थल भ्रमण गरेको छ।
- खर्साङ्ग खण्ड अन्तर्गत गाडीधुरामा आज जिल्ला कानूनी सेवा प्राधिकरणको आयोजना साथै गाड़ीधुरा पुलिस चौकीको सहयोगमा कानुनी सचेतना  कार्यक्रम सम्पन्न गरियो।

**प्रधानमंत्री - ब्रिटेन मालदीव यात्रा**

प्रधानमंत्री नरेन्द्र मोदी यस महिनाको 23 देखि 26 तारीख सम्म ब्रिटेन अनि मालदीवको यात्रामा जानुहुनेछ। श्री मोदले ब्रिटेन का प्रधानमंत्री कीर स्टार्मरको निमंत्रण मा 23 देखि 24 जुलाई सम्म ब्रिटेनमा रहनुहुनेछ। यो प्रधानमंत्री मोदीको ब्रिटेनको चौथो यात्रा हुनेछ। यस अवधि श्री मोदी भारत-ब्रिटेन संबंध को सबै आयामहरुमाथि व्यापक चर्चा गर्नुहुनेछ। दुवै नेता क्षेत्रीय अनि वैश्विक महत्व का मुद्दाहरुमाथि पनि विमर्श गर्नेछन्। श्री मोदीले, किंग चार्ल्स-तृतीयसित पनि भेटवार्ता गर्नुहुनेछ।  दुवै पक्ष व्यापार अनि अर्थव्यवस्था, प्रौद्योगिकी अनि नवाचार, रक्षा अनि सुरक्षा, जलवायु, स्वास्थ्य, शिक्षा अनि दुवै देशका मानिसहरु बीच संबंधलाई सशक्तता दिनेछ।  यसको साथै प्रधानमंत्री मोदी मालदीव का राष्ट्रपति डॉ. मोहम्मद मुइज़्ज़ू को निमंत्रणमा यस महीनाको 25 तारीख देखि मालदीवको दुइ दिवसीय यात्रामा रहनुहुनेछ। यो प्रधानमंत्रीको मालदीवको तेस्रो यात्रा हुनेछ। श्री मोदी मालदीवको स्वतंत्रता को 60 औ वर्षगांठ को समारोह मा मुख्य अतिथि पनि हुनेछन्। यस अवधि श्री मोदी मालदीवको राष्ट्रपतिसित आपसी हित का मुद्दाहरु माथि पनि चर्चा गर्नुहुनेछ। दुवै नेता 'व्यापक आर्थिक अनि समुद्री सुरक्षा साझेदारी' को लागि भारत-मालदीव संयुक्त दृष्टिकोण को कार्यान्वयन मा भएको प्रगतिको पनि समीक्षा गर्नेछन्।

**मानसून सत्र**

भोलि देखि शुरु हुन गइरहेको संसदको मानसून सत्र अघि, आज नयाँ दिल्लीमा सर्वदलीय बैठक सम्पन्न भएको छ। बैठकमा सरकारले संसदको दुवै सदनको सुचारू संचालनको लागि सबै राजनैतिक दलहरुसित सहयोग मांगेको छ। बैठकमा विभिन्न राजनैतिक दलहरुका सदन नेता शामेल छन्। मानसून सत्र भोलि देखि 21 अगस्त सम्म चल्नेछ। सत्रको अवधि दुवै सदनको कुल 21 बैठकहरु हुनेछ। यस अवधि जन विश्वास (संशोधन) विधेयक, राष्ट्रीय खेल प्रशासन विधेयक अनि मर्चेंट शिपिंग विधेयक सहित धेरै महत्वपूर्ण विधेयकहरुमाथि चर्चा हुने संभावना रहेको छ। सर्वदलीय बैठक पछि संसदीय कार्य मंत्री किरेन रिजिजूले बैठक धेरै रचनात्मक रहेको बताउनुभयो। उहाँले सदनका नेताहरुले ती मुद्दाहरुमाथि आ-आफ्नो दलको पक्ष रखेको बताउनु भयो जसलाई उनीहरुले सत्रको अवधि उठाउन चाहन्छन्। श्री रिजिजूले भन्नुभयो कि सरकारले विपक्षसित दुवै सदनको सुचारू संचालन सुनिश्चित गर्ने अनुरोध गर्नुभयो। उहाँले भन्नुभयो कि सत्ता पक्ष अनि विपक्ष दुवैले असल समन्वयको साथमा मिलेर कार्य गर्न पर्नेछ।

**शहिद दिवस**

राज्यमा भोलि तृणमूल कंग्रेसले शहिद दिवस पालन गर्नेछ। तृणमूल कंग्रेसले यो दिवस २१ जुलाई १९९३ मा ममता ब्यानर्जीको नेतृत्वमा राज्य युवा कंग्रेसले तत्कालीन वामपन्थी सरकारको विरोधमा निकालेको रैलीमा ज्यान गुमाउने १३ मानिसहरुको स्मरणमा वार्षिक रुपमा मनाउँदछ। कोलकाताको धर्मतलामा आयोजन गरिने शहिद दिवस समारोहमा भाग लिनका

लागि राज्यको विभिन्न भागहरुबाट पार्टी कार्यकर्ताहरु कोलकाता गइरहेका छन् भने पार्टीले शहिद दिवस रैलीको लागि तिव्र गतिमा तयारीहरु गरिरहेको हाम्रो संवाददाताले बताएको छ। यसै बीच शहीद दिवस रैलीको कारण सार्वजनिक परिवहनमा धेरै कमी आएको कारण साधारण मानिसहरुले आवाजाहीको लागि धेरै समस्यासित जुझ्न परिरहेको खबरहरु पनि प्राप्त भइरहेको छ।

**स्वास्थ्य-केन्द्र-निरीक्षण**

जोरबंगलो–सुकेपोखरी खण्ड स्वास्थ्य केन्द्रको निरीक्षणका लागि एक उच्चस्तरीय टोलीले आज स्थल भ्रमण गरेको छ। निरीक्षण टोलीमा दार्जीलिङका जिलापाल डा. प्रीति गोयल, दार्जीलिङ सदर महकुमा अधिकारी रिचार्ड लेप्चा, पञ्चायत समिति सभापति सोना डोमा वाङ्दी डुक्पा, खण्ड विकास अधिकारी आध्य गुहा, खण्ड स्वास्थ्य अधिकारी डा. बुद्धदेव बिश्वास लगायत अन्य प्रशासनिक तथा स्वास्थ्य विभागका कर्मचारीहरू सहभागी थिए। स्वास्थ्य केन्द्रको भौतिक संरचना, सेवा सुविधा, जनशक्ति र रोग व्यवस्थापन सम्बन्धी अवस्थाको मूल्याङ्कन गर्दै टोलीले सुधार आवश्यक रहेका पक्षहरूमा विशेष ध्यान दिने प्रतिबद्धता जनाएको हाम्रा संवाददाताले जानकारी दिएका छन्।

**गाडीधुरामा-सचेतना कार्यक्रम**

खर्साङ्ग खण्ड अन्तर्गत गाडीधुरामा आज जिल्ला कानूनी सेवा प्राधिकरण (DLSA ) को आयोजना साथै गाड़ीधुरा पुलिस चौकीको सहयोगमा कानुनी सचेतना  कार्यक्रम सम्पन्न गरियो।  गाडीधुरा सन्त मेरी जी पी ३ मा आयोजित आजको यस सचेतना कार्यक्रममा  डाल्साका  (DLSA ) अधिवक्ता जयन्ति देवानले घरेलु हिंसा, पोक्सो एक्ट, बाल बिवाह माथि कानुनि जानकारीहरु दिए भने उपस्तिथ पैरा लीगल वालंटियरहरुले  पैरा लीगल वालंटियरको भूमिका, डाल्साको महत्व साथै अन्य कानुनी सहुलियत बारे जानकारी गराए। आजको कार्यक्रममा गाड़ीधुरा थाना प्रभारी मानभ रोयले पनि आफ्नो बिशेष उपस्तिथी दिंदै  सम्बोधन राखेका थिए।  कार्यक्रममा बिभिन्न संघ संस्था, आईसीडीएस, आशाकर्मी, एसएचजीका सदस्यहरु लगायत सन्त मेरी जी पी ३ का पंचायत समिती सदस्यहरुको व्यापक उपस्तिथी रहेको जानकारी पीएलभी रिना रायाले दिएका छन्।

**गोरामुमो-कालेबुङ**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिङले आज सांङ्ठनिक गतिविधि लिएर कालेबुङ भ्रमण गरेका छन् । अप्पर इच्छे बस्तीमा आयोजित सांङ्ठनिक भेलालाई सम्बोधन गर्दै पार्टीको भावी रणनीति बारे उहाँले दिशा निर्देश दिएका छन्। सभामा पार्टीका धेरै नेता लगायत कालेबुङ गोरामुमोका सम्पुर्ण प्रतिनिधिबर्ग उपस्थित रहेको पार्टीका मिडिया सेलले जानकारी दिएका छ। स्मरण रहोस् गोरामुमोले बिगत केहि महिना अघि आफ्नो सांङ्ठनिक बिस्तारलाई ध्यानमा राख्दै कालेबुङलाई चारवटा खण्डमा बिभाजन गर्दै खण्ड कमिटी गठन गरेको थियो। आजको सांङ्ठनिक सभामा चारैवटा खण्ड समितिका प्रतिनिधिबर्गलाई गोरामुमो अध्यक्ष मन घिसिङले व्यापक छलफल गर्दै सांङ्ठनिक बिस्तार विषय लिएर दिशा निर्देश दिएका छन् ।

**ग्राम पंन्चयात कार्यलय**

आज 28 न० समष्टि अन्तर्गत चिम्नी देवराली ग्राम पंन्चयात कार्यलय को नयाँ  भवनको विधिवत उदधाटन गरिएको छ। कार्यकार्ममा विशेष 28 न० समष्टि का सभासद् श्याम शेर्पा , पन्चायत समिति अध्यक्षीका अनु छेत्री , खण्ड विकास  अधिकारी कौशिक चक्रवर्ती , पंन्चयात सदस्यहरु तथा पंन्चयात कार्यलयका कर्मचारीहरु अनि विभिन्न संध संस्था का सदस्यहरुको उपस्थिति रहेको थियो।

**साहित्य अकादमी**

साहित्य अकादमी नयाँ दिल्ली र शब्द साधना मञ्च पुलबजारको संयुक्त आयोजनामा हिज पुलबजारमा ऐतिहासिक साहित्यिक कार्यक्रम सम्पन्न गरियो। मञ्चका निज सभापति कवि भक्तकुमार सुब्बाको अध्यक्ष्यतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा साहित्य अकादेमी नयाँ दिल्ली , नेपाली भाषा परामर्श समितिका संयोजक  शङ्करदेव ढकाल उपस्थित

थिए बिशिस्ट अतिथिहरूमा साहित्य अकादेमी नयाँ दिल्ली, नेपाली भाषा परामर्श समिति सदस्या डा० आशा मुखिया लामा, बरिष्ठ साहित्यकार एम० पथिक लगायतका अन्य बिशिस्ट अतिथिगण ,साहित्य अनुरागी साथै विद्यार्थीगणको बिशेष उपस्थिति रहेको थियो। स्थानीय पुलबजार अप्पर लाइनस्थित सार्वजनिक भवनमा सम्पन्न भएको कार्यक्रमलाई युवाकवि प्रितम मैनालीले सञ्चालन गरेका थिए भने स्वागत मन्तव्य डा० आशा मुखिया लामाले राखेकी थिइन।

**खरसाङ-सफाई-कार्यक्रम**

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर ७ स्थित सद्भावना सोशियल वेलफेयर सोसाइटीका सदस्यहरूले आफ्नो समाज घरमा रंग गर्नुका साथै वरिपरिका क्षेत्रहरूमा सरसफाई तथा ब्लिचिङ छर्ने कार्य सम्पन्न गरेका छन्। यस कार्यमा क्षेत्रीय सभासद श्याम शेर्पाले आवश्यक रंग र सामग्री सहयोग गरेका थिए। सभासद शेर्पा स्वयम् पनि कार्यक्रममा उपस्थित रही सदस्यहरूसँग सक्रिय सहभागिता जनाएको जानकारी प्राप्त भएको छ। स्मरणीय छ, सद्भावना सोसाइटीले विगतका धैरै वर्षदेखि खरसाङ क्षेत्रमा विभिन्न सामाजिक गतिविधिहरू गर्दै आएको छ। विशेष संघका सचिव दिनेश लामा अनुसार, लगभग पचास घर परिवार मिलेर बनेको यो संस्था केवल एउटा समाजिक समूह मात्र नभएर समाजप्रति उत्तरदायित्वबोध गराउने र सेवा भावको प्रेरणा दिने एक सक्रिय संस्था हो।

**पोखे्रबोङ**

पोखे्रबोङ ग्राम पञ्चायत तीनको मगरजोङ चियाबारी दारी गाउँ ग्राम सुधार समाजको आयोजन तथा बनगाँव भावना वेलफेयर सोसाईटीको प्रायोजनका दारी गाउँ स्थित समाज भवनमा निःशुल्क आँखा जाँच तथा मधुमेह र रक्तचाप जाँच शिविर आज सम्पन्न भयो। समाजका पदाधिकारी तथा सदस्यहरूको सक्रियतामा सम्पन्न शिविरबाट एकाधिक रोगीहरू लाभान्वित बनेका छन्। आँखा रोग विशेषज्ञ डाक्टर एसके जाकिर हुसेन तथा सहयोगी टोलीले रोगको जाँच गर्दै औषधि र उचित परामर्श दिए।

**समाज-भवन-निरीक्षण**

मिरिक महकुमा अन्तर्गत फुवागडी चियाबारीमा निर्माण भईरहेको विश्वकर्मा समाज भवनको बस्तुस्थिति बुझ्न आइपुगेका युवा सचेतक एवं भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा युवा शक्तिका केन्द्रीय उपाध्यक्ष अनुप गदालले विश्वकर्मा समाज घर निर्माणको लागि श्रमदान गर्नु जस्तो दु:खद कुरा अरु हुन नसक्ने बताएका छन्।

***********